# संस्थागत विद्यालयमा दलित बालबालिकाको सिकाइ स्थिति

त्रिभुवन विश्व विद्यालय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग
अन्तर्गर्त स्नातकोत्तर तह (एम.एड) द्वितीय वर्षको
आंशिक आवश्यकता पूरा गर्नका
लागि तयार पारिएको

**शोधपत्र**


**शोधकर्ता**
**चन्द्रप्रकाश राई**
**एम.एड. दोस्रो वर्ष**
**परीक्षा रोल नं. : २०४००१३**
**क्याम्पस रोल नं. : १/०६५/०६६**
**त्रि. वि. दर्ता नं. : ९-३-२१४-६७१-२००४**



कनकाई बहुमुखी क्याम्पस
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
सुरुङ्गा, झापा
कार्तिक, २०६८

श्री
(त्रिभुवन विश्व विद्यालयबाट सम्बन्धन प्राप्त)
**कनकाई बहुमुखी क्याम्पस**
सुरुङ्गा, झापा
नेपाल
☎ ०२३-५५०१५३, ०२३-५५०८५३
Fax - ०२३-५५०८५३

च.नं.
प.सं.

मिति :.............................

## विषय : शिफारिस पत्र

त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन समूह (EPM) विभागको स्नातकोत्तर तह, दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्न कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापामा अध्ययनरत क्याम्पस रोल नं. १, परीक्षा रोल नं. २०४००१३ का विद्यार्थी चन्द्रप्रकाश राईले '**संस्थागत विद्यालयमा दलित बालबालिकाको सिकाइको स्थिति**' शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार गर्नुभएको हो ।

उँहाले तयार गर्नुभएको यस शोधपत्रको अध्ययन, प्रस्तुतीकरण र निष्कर्षबाट म सन्तुष्ट छु । उहाँको यस शोधपत्रलाई मूल्याङ्कन समितिमा शिफारिस गर्दछु ।

मिति:- २०६८/८/१६ गते

.............................
(गोपीकृष्ण भट्टराई)
शोधनिर्देशक

श्री
(त्रिभुवन विश्व विद्यालयबाट सम्बन्धन प्राप्त)
**कनकाई बहुमुखी क्याम्पस**
सुरुङ्गा, झापा
नेपाल
☎ ०२३-५५०१५३, ०२३-५५०८५३
Fax - ०२३-५५०८५३

च.नं.
प.सं.

मिति :..............................

## विषय : स्वीकृति पत्र

त्रिभूवन विश्व विद्यालय शिक्षा शास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन समूह (EPM) विभागको स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्न कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापामा अध्ययनरत क्याम्पस रोल नं. १, परीक्षा रोल नं. २०४००१३ का विद्यार्थी चन्द्रप्रकाश राईले '**संस्थागत विद्यालयमा दलित बालबालिकाको सिकाइको स्थिति**' शीर्षकमा शोधपत्र अध्ययन कार्य पूरा गरी स्वीकृतिका लागि प्रस्तुत गर्नुभएकोले यो शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

**शोध मूल्याङ्कन समिति**

| | | |
|---|---|---|
| शोधनिर्देशक | : गोपीकृष्ण भट्टराई | .................. |
| विभागीय प्रमुख | : आशा शर्मा (शिवाकोटी) | .................. |
| क्याम्पस प्रमुख | : टंकबहादुर कार्की | .................. |
| वाह्य परीक्षक | : प्रा. डा. बाशुदेव काफ्ले | .................. |

मिति : २०६८/८/१६ गते

## कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र तयारी गर्ने क्रममा आफ्नो व्यस्त समयको वावजुत विभिन्न समस्या र अप्ठ्याराहरुलाई चिर्दै अघि बढ्न उत्प्रेरणा प्रदान गर्नु हुने तथा वौद्धिक एवं विषयगत रुपमा निरन्तर मार्ग निर्देशन गर्नुहुने आदरणीय गुरु एवं शोध निर्देशक श्री गोपीकृष्ण भट्टराईज्यू प्रति असिम आभार तथा कृतज्ञता व्यक्त गर्दछु । यसरी नै यो शोधपत्र तयार गर्ने क्रममा मार्गदर्शन गरी हौसला प्रदान गर्नुहुने आदरणीय क्याम्पस प्रमुख टंकबहादुर कार्कीज्यू, विभागीय प्रमुख आशा शर्मा (शिवाकोटी) ज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोधपत्रलाई अन्तिम तयारीमा पुऱ्याउन सहयोग पुऱ्याउनु हुने सम्पूर्ण गुरुजनहरुप्रति श्रद्धा व्यक्त गर्न चाहान्छु ।

यो शोधपत्र तयार गर्न आवश्यक पर्ने तथ्याङ्क र सूचना उपलब्ध गराईदिनुहुने संस्थागत विद्यालयका प्र.अ. हरु, स्रोतव्यक्ति श्री कृष्ण भण्डारीज्यू तथा दमक नगरपालिकाका कर्मचारीहरु प्रति आभार व्यक्त गर्न चाहन्छु । साथै शिक्षकज्यूहरु, दलित तथा गैरदलित विद्यार्थीहरु, व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्यहरु, दलित संघ-संस्थाका पदाधिकारीहरु, स्थानीय वुद्धिजीवीहरु, दलित तथा गैरदलित अभिभावक वर्ग प्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहान्छु । साथै यो शोधपत्र तयार गर्न आवश्यक पर्ने सूचना तथा तथ्याङ्क संकलन गरी उपलब्ध गराइ सहयोग गर्नु हुने श्री मनकुमार गदालज्यूलाई धन्यवाद दिन चाहान्छु ।

अन्त्यमा, यस शोधपत्रलाई पूरा गर्न प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्नु हुने सम्पूर्ण महानुभावहरु तथा कम्प्युटर टाइप गर्ने भाई गजेन्द्र फूयल र सेटिङ्ग गरी अन्तिम रुप प्रदान गर्नुहुने सावित्रा दाहालज्यू प्रति आभार व्यक्त गर्न चाहान्छु ।

**चन्द्रप्रकाश राई**

## शोधसार

प्रस्तुत शोधपत्र '**संस्थागत विद्यालयमा दलित बालबालिकाको सिकाइ स्थिति**' शीर्षक राखेर तयार पारिएको छ । यस अध्ययनको मुख्य उद्देश्य संस्थागत विद्यालयमा दलित विद्यार्थीहरुको सिकाइ स्थितिको विश्लेषण गर्नु रहेको छ ।

यस अध्ययनको अनुसन्धानात्मक ढाँचा गुणात्मक रहेको छ । यस अध्ययनको लागि उद्देश्यमूलक नमूना छनौट विधि र सामान्य संभावनायुक्त नमूना छनौटको मिश्रित विधि अपनाइएको छ । झापा जिल्लाको दमक नगरपालिकामा संचालित ३० वटा संस्थागत विद्यालयहरुमध्ये १४ वटा संस्थागत माध्यमिक विद्यालयहरु रहेकोमा चारवटा संस्थागत विद्यालयहरु चयन गरिएको छ । गुणात्मक तथ्यांक संकलन गर्न विद्यार्थी अभिलेख फाराम, प्रश्नावली, अन्तरवार्ता, छलफल, अवलोकन जस्ता साधनहरु प्रयोग गरि सरोकारवाला ७६ जना उत्तरदाताहरुसँग प्रत्यक्ष साक्षात्कार गरिएको छ । यस अध्ययनको क्रममा प्राथमिक र द्वितिय दुवै स्रोतको प्रयोग गरिएको छ ।

संस्थागत विद्यालयहरुको माध्यमिक तहमा दलित विद्यार्थीहरुको भर्ना गैरदलित विद्यार्थीको तुलनामा अत्यन्त न्यून रहेको पाइएको छ । दमक नगरपालिकामा बसोवास गरिरहेका दलितहरुको जनसंख्याको आधारमा पनि दलित विद्यार्थीहरुको भर्ना न्यून रहेका छ । संस्थागत विद्यालयको माध्यमिक तहमा दलित विद्यार्थीहरुको विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने अवस्था न्यून पाइएको छ । सिकाइ क्षमता, गृहकार्य, नियमितता, साथीहरुसँगको सम्बन्ध, शिक्षकहरुसँगको सम्बन्ध, अतिरिक्त क्रियाकलाप, अनुशासन, व्यक्तिगत सरसफाइ जस्ता शैक्षिक क्रियाकलापमा दलित विद्यार्थीहरुको सिकाइ गैर दलित विद्यार्थीहरुको तुलनामा कमजोर पाइएको छ । दलित विद्यार्थीहरुको संस्थागत विद्यालयको माध्यमिक तहमा न्यून पहुँच हुनका मुख्य कारण र प्रभाव पार्ने तत्वहरुमा कमजोर आर्थिक अवस्था, शिक्षा र चेतनाको अभाव, पारिवारिक पृष्ठभूमि, सरकारको दलित सम्बन्धी शिक्षा ऐन र नियम, सामाजिक विभेद र हिनभावना तथा परम्परागत पेशा/व्यवसाय पाइएको छ । संस्थागत विद्यालयहरुले आ-आफ्नै तरिकाले धेरैजसो दलित विद्यार्थीहरुलाई मासिक र वार्षिक शुल्कमा आंशिक र पूर्ण सहुलियत दिएको पाइएको छ ।

संस्थागत विद्यालयको माध्यमिक तहमा दलित बालबालिकाको सिकाइ अभिवृद्धि गर्न दलित समुदायलाई राज्य र गैर सरकारी निकायले विभिन्न तालिमको व्यवस्था गरेर तथा आर्थिक सहयोग गरेर आफ्नो परम्परागत पेशा र व्यवसायलाई आधुनिकिकरण र व्यवसायीकरण गरी आफ्नै पेशा सञ्चालन गर्न सक्ने बनाउने वा रोजगारको व्यवस्था गर्ने, राज्यले संस्थागत विद्यालयमा के कति दलित विद्यार्थी कसरी भर्ना गर्ने भन्ने स्पष्ट ऐन र नियम बनाउनु पर्ने, संस्थागत विद्यालयबाट उठाइएको शिक्षा कर र आय करबाट दलित शिक्षा कोष खडा गरी दलित विद्यार्थीहरुको आधारभूत आवश्यकता पूरा गर्दै संस्थागत विद्यालयमा नै पढ्न पाउने सुविधा प्रदान गर्ने, सामाजिक विभेद विरुद्ध बनेको ऐन र कानुनलाई पूर्ण रुपले कार्यान्वयन गरी सामाजिक विभेद अन्त्य गरिनु पर्ने, शिक्षक र प्र.अ.हरु अग्रसर भई विद्यालयमा गरिने विभेद पूर्ण रुपले अन्त्य गरिनु पर्ने, दलितहरुको आत्म सम्मान र आत्म स्वाभिमान उच्च बनाउने वातावरण विद्यालय, समाज र राज्यका हरेक इकाइहरुले विशेष पहल गरेर सृजना गर्नुपर्ने, शैक्षिक क्रियाकलापमा सक्रिय सहभागि भई अव्वल नतिजा ल्याउन शिक्षक, प्र.अ. तथा सरोकारवालाहरुले प्रोत्साहन र उत्प्रेरणा प्रदान गर्नुपर्ने र संस्थागत विद्यालयले सकेसम्म धेरै सुविधा प्रदान गर्ने सुझावहरु प्रस्तुत गरिएको छ ।

# विषयसूची


| क्र.स. | शीर्षक | पेज नं. |
|---|---|---|
| १. | **शिफारिस पत्र** | i |
| २. | **स्वीकृति पत्र** | ii |
| ३. | **कृतज्ञता ज्ञापन** | iii |
| ४ | **शोधसार** | iv |
| ५. | **विषयसूची** | vi |
| ६. | **तालिका सूची** | viii |
| | **परिच्छेद एक : परिचय** | **१-१४** |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | अध्ययन क्षेत्रको परिचय | ६ |
| १.२.१ | बसोवास र जनसंख्याको अवस्था | ६ |
| १.२.२ | सामाजिक र आर्थिक अवस्था | ८ |
| १.२.३ | शैक्षिक अवस्था | ९ |
| १.३ | समस्याको कथन | १० |
| १.४ | अध्ययनको औचित्य | ११ |
| १.५ | अध्ययनको उद्देश्य | १२ |
| १.६ | अनुशन्धानात्मक प्रश्नहरु | १३ |
| १.७ | अध्ययनको परिसीमा | १३ |
| १.८ | पारिभाषिक शब्दहरु | १४ |
| | **परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका** | **१५-२५** |
| २.१ | सम्वन्धित साहित्यको पुनरावलोकन | १५ |
| २.२ | सैद्धान्तिक खाका | २१ |
| २.३ | शैक्षिक उपादेयता | २४ |
| | **परिच्छेद तीन : अध्ययन विधि** | **२६-३०** |
| ३.१ | अनुसन्धान ढाँचा | २६ |
| ३.२ | जनसंख्या र नमूना | २६ |
| ३.२.१ | जनसंख्या | २६ |
| ३.२.२ | नमूनाको आकार | २६ |
| ३.२.३ | नमूना छनौट विधि | २७ |
| ३.३ | तथ्याङ्क संकलनका साधन | २७ |
| ३.३.१ | विद्यार्थी अभिलेख फाराम | २७ |
| ३.३.२ | प्रश्नावली | २८ |
| ३.३.३ | अन्तर्वार्ता प्रश्नावली | २८ |

| | | |
|---|---|---|
| ३.३.४ | सरोकारवालाहरुसंग छलफल | २८ |
| ३.३.५ | अवलोकन फाराम | २८ |
| ३.४ | तथ्याङ्कका स्रोतहरु | २९ |
| ३.५ | तथ्याङ्क विश्लेषण प्रक्रिया | २९ |

**परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या** **३१-५१**

| | | |
|---|---|---|
| ४.१. | दलित तथा गैर दलित विद्यार्थीको भर्ना कक्षा दोहोऱ्याउने र विद्यालय छाड्ने अवस्था | ३१ |
| ४.२ | शैक्षिक क्रियाकलापमा विद्यार्थीको सिकाइको अवस्था | ३६ |
| ४.३ | दलित बालबालिकाको सिकाइलाई प्रभाव पार्ने कारक तत्वहरु | ३९ |
| ४.३.१ | कमजोर आर्थिक अवस्था | ४१ |
| ४.३.२ | शिक्षा र चेतनाको अभाव | ४२ |
| ४.३.३ | पारिवारिक पृष्ठभूमि | ४३ |
| ४.३.४ | सरकारको दलित सम्बन्धि शिक्षा ऐन र नियम | ४४ |
| ४.३.५ | सामाजिक विभेद र हिनभावना | ४५ |
| ४.३.६ | परम्परागत व्यवसाय/पेशा | ४६ |
| ४.४ | दलित बालबालिकाले प्राप्त गरिरहेको सुविधाको अवस्था | ४७ |
| ४.५ | दलित विद्यार्थीको सिकाइ अभिवृद्धि गर्न अवलम्वन गर्नुपर्ने उपायहरु | ४९ |

**परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु** **५२-५९**

| | | |
|---|---|---|
| ५.१ | प्राप्ति | ५२ |
| ५.२ | निष्कर्ष | ५४ |
| ५.३ | सुझावहरु | ५५ |
| ५.३.१ | नीतिगत तह | ५६ |
| ५.३.२ | अभ्यासगत तह | ५७ |
| ५.३.३ | अनुसन्धानात्मक तह | ५८ |

**सन्दर्भ सामग्री** ६०

**अनुसुचीहरु** I-XX

# तालिका सूची

पेज नं


तालिका न १ : बिभिन्न जातजातिको दमक नगरपालिकाको जनसंख्या विवरण ७

तालिका नं. २ : दमक न.पा. भित्र रहेका शिक्षण संस्थाहरु १०

तालिका नं. ३ : दलित तथा गैर दलित विद्यार्थीको कक्षा भर्ना विवरण '२०६५' ३१

तालिका नं. ४ : दलित तथा गैर दलित विद्यार्थीको कक्षा भर्ना विवरण '२०६६' ३२

तालिका नं. ५ : दलित तथा गैर दलित विद्यार्थीको कक्षा भर्ना विवरण '२०६७' ३३

तालिका नं. ६ : २०६५,२०६६ र २०६७ सालको विद्यार्थी भर्ना विवरण ३४

तालिका नं.७ : कक्षा दोहोर्‍याउने र विद्यालय छाड्ने विवरण २०६५,२०६६ र २०६७ ३७

तालिका नं. ८ : शैक्षिक क्रियाकलापमा विद्यार्थीको सिकाइको अवस्था ३९

तालिका नं. ९ : दलित बालबालिकाले प्राप्त गरेको सहुलियत विवरण ४३

तालिका नं. १०: दलित बालबालिकाको सिकाइलाई प्रभाव पार्ने कारक तत्वहरु ४५